
का.जि.प्र.का.द.नं. १००/०५९/६०
१२ चैत २०८२
बिहीबार
26 March 2026
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्नु

वर्ष २४, अंक ६३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com



# अपूरो जाँचबुझ
## भदौ २३ मा फोकस
## २४ बारे खोजियो छुट्टै अनुसन्धान

**दिवाकर अधिकारी/मध्यान्ह**

भदौ २३ र २४ गतेको जेनजी घटनासम्बन्धी जाँचबुझ आयोग २०८२को प्रतिवेदन सरकारले सार्वजनिक गर्ने भएको छ । सञ्चारमाध्यमबाट प्रतिवेदन सार्वजनिक भएपछि प्रधानमन्त्री सुशीला कार्कीले योसहित तीनवटा महत्वपूर्ण दस्तावेज सार्वजनिक गर्ने निर्णय गरेकी हुन् । नेपाल बाल संगठन र बालमन्दिरसम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग २०७७को प्रतिवेदन र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तयार गरिएको सुशासन मार्गचित्र, २०८२ सार्वजनिक गर्ने निर्णय गरेकी हुन् ।अनौपचारिक रूपमा सार्वजनिक भएको जाँचबुझ आयोगको प्रतिवेदन भने आफैंमा भने अपूरो छ । भदौ २३ को घटनाको विस्तृत अध्ययन गरेको जाँचबुझ आयोगले भदौ २४ गते भएको तोडफोड, आगजनी र लुटपाटबारे भने छुट्टै अनुसन्धान खोजेको छ । >>> पृष्ठ २ मा

### ओली, लेखक र खापुङमाथि फौजदारी आरोप

जाँचबुझ आयोगको प्रतिवेदनको सबैभन्दा ठुलो विषय तत्कालीन उच्च राजनीतिक नेतृत्वको जिम्मेवारीसँग सम्बन्धित छ ।

प्रतिवेदनमा स्पष्ट रूपमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, तत्कालीन गृहमन्त्री रमेश लेखक र तत्कालीन प्रहरी महानिरीक्षक (आइजिपी) चन्द्रकुवेर खापुङको भूमिका छुट्टाछुट्टै विश्लेषण गरिएको छ । आयोगले घटनालाई केवल सुरक्षा व्यवस्थापनको कमजोरी वा स्थानीय प्रशासनको गल्तीका रूपमा मात्र व्याख्या नगरी, निर्णय प्रक्रियाको सबैभन्दा माथिल्लो तहसम्म जिम्मेवारी खोज्ने प्रयास गरेको छ । >>> पृष्ठ २ मा

### सेनालाई दोष प्रधानसेनापतिलाई उन्मुक्ति

कार्की आयोगले २३ र २४ भदौमा मानवीय र भौतिक क्षति धेरै हुनमा घुमाउरो भाषामा सेनाको भूमिकामाथि प्रशस्त प्रश्न उठाएको छ । सिंहदरबार, संसद् भवन र बालुवाटारस्थित सैनिक कमान्डरमाथि कारबाहीको सिफारिस गर्दा प्रधानसेनापति अशोकराज सिग्देलबारे भने केही भनेको छैन । 'सिंहदरबार र शीतल निवासमा नेपाली सेना तैनाथ थियो । तिनको रक्षा गर्नु सेनाको कर्तव्य हो, तर कार्यान्वयन गरेको देखिएन,' प्रतिवेदनमा छ, 'सिंहदरबार स्थित नरसिंह दलका कमान्डर, राष्ट्रपति भवन शीतल निवासका कमान्डर >>> पृष्ठ २ मा

### 'चेन अफ कमान्ड'बाटै गोली चलेको निष्कर्ष

जेनजी आन्दोलनका क्रममा २३ भदौमा चेन अफ कमान्डबमोजिम गोली चलेको आयोगको निष्कर्ष छ । तर, यसमा केही अस्पष्टता समेत सँगै छन् ।

सुरक्षा निकायका प्रमुख, गृहमन्त्रीको सचिवालय र प्रधानमन्त्रीको सचिवालयसँग टेलिफोन भएको विवरण राखेको प्रतिवेदनमा गोली हान्न कसले अन्तिम आदेश दियो भन्ने विषय किटान भन गरिएको छैन । यसै सन्दर्भमा आयोगले घातक बल प्रयोगको आवश्यकता थियो कि थिएन भन्ने विषय >>> पृष्ठ २ मा

> सिंहदरबार, शीतल निवास, संघीय संसद भवन, व्यापारीका गोदाम, भाटभटेनी स्टोरहरू, कान्तिपुर पब्लिकेसन, हिल्टन, हायात होटललगायत ठाउँमा भएको आगजनीमा 'रसायन, पेट्रोल बम, अति प्रज्ज्वलनशील पदार्थ प्रयोग गरेको' प्रतिवेदनमा उल्लेख छ ।



# खाडी युद्धले रेमिट्यान्स रोकिने डर
## उद्योगदेखि बैंकसम्म कम्पन



- ३५% घरपरिवार रेमिट्यान्समा आश्रित
- वैदेशिक रोजगारीका ८०% नेपाली युवा मध्यपूर्वमै
- युद्धका कारण ४५-५०% रेमिट्यान्स प्रभावित हुनसक्ने

**विष्णु पोखरेल/मध्यान्ह**
काठमाडौं, ११ चैत

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सधैं वैदेशिक रोजगारीमा जानेहरूको लर्को हुन्थ्यो । तर, कल्पना गरौं–यदि मध्यपूर्वमा चर्किएको युद्ध र अस्थिरताका कारण त्यहाँ रहेका झन्डै लाखौं नेपाली श्रमिक एकैपटक स्वदेश फर्किए भने के होला ? यो केवल एउटा कल्पना मात्र होइन, अहिलेको विश्व राजनीतिलाई हेर्दा यो नेपालको अर्थतन्त्रका लागि एउटा 'दुःस्वप्न' साबित हुन सक्छ ।

मध्यपूर्व क्षेत्रमा चर्किंदै गएको युद्ध र ऊर्जा आपूर्ति अस्थिरताले नेपालजस्तो रेमिट्यान्समा अत्यधिक निर्भर अर्थतन्त्रलाई गम्भीर जोखिमतर्फ धकेल्ने संकेत देखिएको छ । वैदेशिक रोजगारीबाट आउने आम्दानीमा टिकेको नेपालको आर्थिक संरचना अहिले बाह्य संकटको सिधा प्रभावमा पर्ने अवस्थामा पुगेको हो । विभिन्न मुलुकले सम्भावित संकट समाधानका लाागि तयारी गरे पनि नेपालको तयारी भने शून्यबराबर छ । हाल मध्यपूर्वमा मात्र करिब २० लाखभन्दा बढी नेपाली रहेको अनुमान गरिन्छ । परराष्ट्र मन्त्रालयको तथ्यांकअनुसार वैधानिक ढंगबाट श्रम स्वकृति लिएर गएकाको संख्या नै १७ लाख २९ हजार छ । जसमा युएईमा ७ लाख, साउदी अरबमा ३ लाख ८४ हजार, कतारमा ३ लाख ५७ हजार, कुवेतमा १ लाख ७५ हजारजना रहेका छन् । अवैधानिक रूपमा बसेका र अन्य मुलुकको बाटो प्रयोग गरेर गएकाको संख्या यस तथ्यांकमा नरहेको हुँदा २०-२२ लाखको संख्यामै मध्यपूर्वमा नेपाली रहेको अनुमान गरिन्छ ।

नेपाल राष्ट्र बैंकका अनुसार नेपालको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को करिब २९ प्रतिशत हिस्सा रेमिट्यान्सले ओगटेको छ । विश्वका अन्य ठुला अर्थतन्त्रहरूको तुलनामा यो अत्यन्त उच्च >>> पृष्ठ २ मा

## प्रहरीले टुंग्यायो इनिशा मृत्यु अनुसन्धान
# सामूहिक बलात्कार नभएको निष्कर्ष

**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, ११ चैत

सुर्खेत प्रहरीले १६ वर्षीया इनिशा विकको बलात्कारपछि हत्या भएको घटनाको अनुसन्धान टुंग्याएको छ । जिल्ला प्रहरी कार्यालय सुर्खेतले झन्डै तीन हप्ता लगाएर घटनाको अनुसन्धान टुंग्याएको हो । विकको मृत्यु प्रकरणमा प्रहरीले सामूहिक बलात्कार नभएको निष्कर्ष निकालेको छ ।

प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमा बुझाएको प्रतिवेदनमा इनिशाको मृत्यु सामूहिक बलात्कारबाट नभई मुख्य अभियुक्तसँगको शारीरिक



सम्पर्कका क्रममा लागेको गहिरो चोट र त्यसबाट भएको रक्तस्रावका कारण भएको उल्लेख छ ।

प्रतिवेदनअनुसार फागुन २३ गते बिहान करिब साढे पाँच बजे इनिशा घरबाट निस्किइन् । विद्यालय बिदाको दिन भए पनि ट्युसन पढ्न जाने बहाना बनाएर उनी घरबाट निस्किएकी थिइन् । आमासँग उनले दुई घण्टामा फर्किने भनेकी थिइन् । मुख्य अभियुक्त अनमोल गौली पनि खजुरास्थित >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# युद्धले खाडीमा नेपालीको जागिर गुम्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ चैत

अमेरिका-इजरायल र इरान युद्धले खाडी मुलुकमा तत्कालका लागि ऊर्जा र पर्यटन क्षेत्रमा रोजगारी कटौती भए पनि युद्ध रोकिनसाथ पुनर्निर्माणको चरण सुरु हुने विश्लेषण गरिएको छ । नेपाली कामदार ठुलो संख्यामा निर्माण क्षेत्रमा कार्यरत रहेका छन् ।

युद्ध अन्त्य नहुने खतरा देखिएपछि युएई र कतारजस्ता देशहरूमा पर्यटक भने आउन छाडेका छन् । होटलमा सेफको काम गर्ने कपिलवस्तुका ४३ वर्षीय जैतुन >>> पृष्ठ २ मा

## १८ अप्रिलसम्म साउदी छाड्न उर्दी

**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरब, ११ चैत

मध्यपूर्व क्षेत्रमा बढ्दो तनावका कारण समयमै स्वदेश फर्कन नपाएका नेपाली नागरिकलाई साउदी अरबस्थित जेद्दा महावाणिज्यदूतावासले १८ अप्रिलभित्र देश छाड्न अनुरोध गरेको छ ।

महावाणिज्यदूतावासले एक सूचना जारी गर्दै एक्जिट भिसा प्राप्त गरिसकेपछि हवाई टिकट रद्द भएको, टिकट नपाएको वा अन्य कारणले २५ फेब्रुअरी २०२६ वा सोपछि एक्जिट भिसाको म्याद सकिएका विदेशी नागरिकहरूलाई १८ अप्रिल २०२६ भित्र साउदी अरब छोड्न साउदी सरकारले अनुरोध गरेको बताएको छ । >>> पृष्ठ २ मा

**यौन हिंसाबाट बचौं र बचाऔं:**

- यौनजन्य हिंसा सामाजिक अपराध हो,
- बालबालिका यौनजन्य हिंसाको जोखिममा हुन सक्छन्,
- हिंसा छिमेकी, आफन्त, साथीभाई, परिचित, नातेदार वा जोसुकैबाट हुनसक्छ,
- अभिभावकले आफ्ना छोराछोरीको व्यवहार ख्याल गरौं.
- बालबालिकाको चालचलन, बानीव्यहोरामा अस्वभाविक परिवर्तन आएको हुन सक्छ, त्यस्तो पाइए उनीहरुसँग तत्काल कुरा गरौं,
- बालबालिकासँग नियमित सम्वाद गर्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## एन्फा निलम्बित
# संकटमा नेपाली फुटबल

> राखेपले एन्फालाई निलम्बन अवधिभित्र आफ्ना विधान र संरचनामा आवश्यक संशोधन गर्न स्पष्ट निर्देशन दिएको छ । राखेपले एन्फाको विधानलाई राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ तथा सम्बन्धित नियमावली, २०७९ अनुरूप परिमार्जन गर्नुपर्ने उल्लेख गरेको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ११ चैत

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले अखिल नेपाल फुटबल संघ (एन्फा)लाई तीन महिनाका लागि निलम्बन गर्ने निर्णय गरेको छ । पटक-पटक दिइएको निर्देशन अवज्ञा गर्दै स्वीकृतिबिना निर्वाचन प्रक्रिया अघि बढाएको निष्कर्षसहित राखेपले एन्फालाई निलम्बन गरेको हो ।

राखेपको चैत ११ गतेको कार्यकारी समितिको निर्णयअनुसार राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ को दफा २९(२) बमोजिम एन्फालाई तीन महिनासम्मका लागि निलम्बन गरिएको हो । उक्त कानुनी व्यवस्थाअनुसार परिषद्को निर्देशन पालना नगर्ने संघलाई अधिकतम तीन महिनासम्म निलम्बन गर्न सकिने प्रावधान छ । >>> पृष्ठ २ मा

# कम्बोडियाबाट ५१ नेपालीको उद्धार

**काठमाडौं / मस–** विभिन्न व्यक्तिहरूको प्रलोभनमा परी विभिन्न माध्यमबाट कम्बोडिया पुगेका र त्यहाँ अवैधरूपमा सञ्चालन गरिएका अनलाइन स्क्यामिङ केन्द्रहरू र क्यासिनोहरूमा अनलाइन ठगीमा परेका ५१ नेपालीको उद्धार गरिएको छ।

अनलाइन ठगीका साथै विभिन्न गैरकानुनी काममा लगाइएका साथै कम्बोडियामा बिना राहदानी बसिरहेका उनीहरूलाई बुधबार थाइल्यान्डस्थित नेपाली दूतावासको पहल र कम्बोडिया सरकारको सहयोगमा उद्धार गरी गैरआवासीय नेपाली संघ, कम्बोडियाको सहजीकरणमा नेपाल फर्काइएको हो।

यसैगरी अलपत्र परेका वा कठिन परिस्थितिमा रहेका अन्य नेपालीलाई नेपाल फर्काउने पहल भइरहेको दूतावासले जनाएको छ। कम्बोडियामा नेपालीलाई अनलाइन ठगीलगायत गैरकानुनी काममा लगाइएको र बिना राहदानी वा राहदानी-अवधिभन्दा बढी समय बसिरहेको जानकारी प्राप्त भएको दूतावासले जनाएको छ।

कम्बोडियामा अवैध रूपमा बसिरहेका नेपाली नागरिकलाई नेपाल फर्कन सहजीकरणका लागि नेपाली राजदूतावास बैंकक वा गैरआवासीय नेपाली संघ कम्बोडियाका प्रतिनिधिलाई सम्पर्क गर्न अनुरोध गरिएको छ। स्क्यामिङ केन्द्रहरूमा काममा लगाइएकाको राहदानी कम्पनीले जफत गर्ने गरेको वा स्क्यामिङ केन्द्रहरूबाट ट्रान्सफर हुँदा राहदानी हराएको भन्ने गरिएको गुनासो आएको छ। त्यस्तो अवस्थामा नेपाल फर्किनलाई नेपाली राजदूतावास बैंककले उद्धार गर्न बिना शुल्क एकतर्फी यात्रा अनुमतिपत्र जारी गरिदिने गरेको जनाइएको छ।

कम्बोडियाको पर्यटनसम्बन्धी तथ्यांकअनुसार पछिल्लो समय सन् २०२१ मा १०१ नेपालीहरू भ्रमण भिसामा कम्बोडिया गएकोमा सन् २०२२ मा एक हजार ९७७ जना, सन् २०२३ मा २ हजार ९४० जना, सन् २०२४ मा ६ हजार ४०४ जना तथा सन् २०२५ मा ९ हजार ६७६ नेपालीहरू कम्बोडिया गएको देखिन्छ।

नेपाल सरकारले तोकेका मापदण्डबमोजिम श्रम स्वीकृति लिएर मात्र वैदेशिक रोजगारीमा जान तथा कसैको प्रलोभनमा परी छिटो र धेरै पैसा कमाउने लोभमा कम्बोडिया, लाओस, म्यानमार थाइल्यान्डलगायतका मुलुकहरूमा भ्रमणको बहाना गरी वैदेशिक रोजगारीमा नजानका लागि राजदूतावासले अनुरोध गरेको छ।

### अपुरो...

विस्तृत छानबिन, सम्बन्धित अधिकारीहरूको बयान, कागजात अध्ययन, स्थलगत निरीक्षण तथा सरोकारवालासँगको छलफलपछि तयार गौरीबहादुर कार्की नेतृत्वको जाँचबुझ आयोगले प्रतिवेदनमार्फत उच्च राजनीतिक नेतृत्व जिम्मेवारी निर्वाहमा चुकेको निष्कर्ष निकालेको छ। तर भदौ २४ गतेका आगजनी र लुटपाटमा संलग्न समूहहरूको पहिचान गर्न भने आयोगले सकेको छैन। त्यसदिन सिंहदरबार, शीतलनिवास, संघीय संसद् भवनलगायत संवेदनशील स्थानमा आगजनी, तोडफोड र लुटपाट भएको थियो।

व्यापारीका गोदामघर, भाटभटेनी स्टोरहरू, कान्तिपुर पब्लिकेसन, हिल्टन होटल, हायातलगायत होटलजस्ता ठाउँहरूमा समेत तोडफोड र आगजानी भएका थिए। ती ठाउँमा 'रसायन, पेट्रोल बमलगायत अति प्रज्वलनशील पदार्थ प्रयोग गरेको' पाइएको प्रतिवेदनमा उल्लेख छ। यहीँनेर आयोगले भनेको छ, 'भदौ २४ गतेका सम्पूर्ण घटनाहरूलाई एक-एक गरी बृहत् रूपमा अनुसन्धान गरिनुपर्दछ।'

यो विवरणसँगै एउटा महत्वपूर्ण प्रश्न उठेको छ- जाँचबुझ आयोगले भदौ २३ को घटनालाई प्राथमिकता दिँदा भदौ २४को घटनाबारे किन छुट्टै अनुसन्धान खोज्यो ?

किनभने भदौ २४ को घटनालाई हेर्दा गहिरो विश्लेषण गरिएको देखिँदैन। अघिल्लो दिनको घटनापछि आन्दोलन किन झन् फैलियो, राज्यको प्रतिक्रिया कस्तो रह्यो, सरकार र सुरक्षा निकायले दोस्रो दिन कस्तो रणनीति अपनायो भन्ने विषय प्रतिवेदनमा तुलनात्मक रूपमा कम ठाउँ पाएको छ। जबकि आन्दोलनको राजनीतिक र सामाजिक प्रभावको दृष्टिले भदौ २४ मा भएको लुटपाट, तोडफोड र आगजनी महत्वपूर्ण विषय हो।

भदौ २३को घटनापछि सरकार र सुरक्षा निकायले आत्मसमीक्षा गरेको थियो कि थिएन ? आन्दोलनलाई नियन्त्रण गर्ने नाममा झन् कठोर रणनीति अपनाइयो कि संवादको प्रयास गरियो ? यस्ता प्रश्नहरूको जवाफ पनि प्रतिवेदनमा प्रस्ट छैन।

**व्यापक मानवअधिकार उल्लंघन**

आयोगको प्रतिवेदनअनुसार जेनजी आन्दोलनको सुरुआत पूर्ण रूपमा शान्तिपूर्ण थियो। बरु आन्दोलन क्रमशः तनावपूर्ण बन्दै गएको र त्यसक्रममा सुरक्षा निकायले परिस्थिति नियन्त्रण गर्न असफल भएको प्रतिवेदनले औंल्याएको छ। आयोगले आन्दोलनमा सहभागीहरूको व्यवहार, भिडको आकार, तोडफोड भएको घटना र त्यसपछि सुरक्षाकर्मीको प्रतिक्रियाजस्ता विषयलाई तुलना गरेर विश्लेषण गरेको छ। जसमार्फत आन्दोलनको वास्तविक अवस्था कस्तो थियो भन्ने विषयमा निष्कर्ष निकाल्ने प्रयास गरिएको छ। विशेषगरी आन्दोलनको सुरुआत र गोली चलाउने समयको अवस्था फरक थियो कि थिएन भन्ने विषयलाई प्रतिवेदनले केलाउन खोजेको छ। यसक्रममा आयोगले मानवअधिकार उल्लंघनको पाटो केलाउन खोजेको छ। बल प्रयोगको औचित्य कति थियो भन्ने प्रश्नमा आयोगले मानव अधिकारको संरक्षण हुन नसकेको निष्कर्ष निकालेको हो।

आन्दोलन पूर्ण रूपमा हिंसात्मक नभएको अवस्थामा घातक बल प्रयोग गरिएको हो भने त्यसलाई अनुचित मान्नुपर्ने निष्कर्ष प्रतिवेदनमा छ। यसले जेनजी आन्दोलनको घटनालाई केवल सुरक्षा कारबाहीको रूपमा होइन, मानवअधिकारको दृष्टिकोणबाट केलाउन खोजेको देखाउँदछ।

आयोगले सिफारिस खण्डमा भविष्यमा हुन सक्ने सडक आन्दोलनलाई हिंसात्मक भनेर निर्णय गर्ने मापदण्ड स्पष्ट हुनुपर्ने भनेको छ। प्रदर्शन नियन्त्रणका लागि मानवअधिकारमैत्री नीति बनाइनुपर्ने र सुरक्षा निकायले अत्यधिक बल प्रयोग नगर्ने व्यवस्था गर्नुपर्ने सुझाव दिइएको छ।

**कार्यान्वयन हुनेमा सन्देह**

जाँचबुझ आयोगको प्रतिवेदनले सिफारिसको रूपमा सुरक्षा व्यवस्थापनमा संस्थागत सुधार गर्नुपर्ने, गृह मन्त्रालय र प्रहरीबीच समन्वय संयन्त्रलाई कानुनी रूपमा स्पष्ट बनाउनुपर्ने र भविष्यमा यस्ता घटनामा एकीकृत आदेश प्रणाली लागू गर्नुपर्ने सुझाव दिएको छ। यसले प्रतिवेदनलाई केवल दोष खोज्ने दस्तावेज मात्र नभई सुधारका लागि पनि उपयोगी बनाउने प्रयास छ।

यस्ता विषय त कार्यान्वयनमा जान सक्दछन्। तर, फौजदारी अनुसन्धान र कानुनी कारबाहीसँग सम्बन्धित सिफारिस कार्यान्वयन हुन्छ या हुँदैन भन्ने विषय प्रस्ट छैन। किनभने, प्रतिवेदनमा उच्च राजनीतिक नेतृत्वदेखि सुरक्षा निकायसम्मका व्यक्तिमाथि फौजदारी अनुसन्धान अघि बढाउन सिफारिस गरिएको छ। यदि आयोगको सिफारिस कार्यान्वयन भयो भने नेपालमा राज्यद्वारा गरिएको बल प्रयोगको घटनामा पहिलोपटक यति ठूलो स्तरमा फौजदारी अनुसन्धान हुन सक्नेछ। त्यसैले यो प्रतिवेदन राजनीतिक, कानुनी र मानवअधिकार सबै दृष्टिकोणबाट महत्वपूर्ण छ।

### ओली...

प्रतिवेदनमा आन्दोलनको दिन भएको सुरक्षा निर्णय, बल प्रयोगको अनुमति, प्रदर्शन नियन्त्रणका लागि अपनाइएका उपाय र त्यसबारे प्रधानमन्त्री तथा गृहमन्त्रीलाई कति जानकारी थियो भन्ने विषयलाई केन्द्रमा राखेर अनुसन्धान गरिएको उल्लेख छ। आयोगका अनुसार सुरक्षा निकायले गोली चलाउने अवस्थासम्म पुग्दा राजनीतिक नेतृत्वलाई घटनाबारे जानकारी पुगेको उल्लेख गरेको छ। आयोगको निष्कर्षअनुसार घटना केवल 'मैदानमा भएको गल्ती' मात्र नभई निर्णय प्रणालीको असफलतासँग जोडिएको छ।

विशेषगरी आन्दोलन नियन्त्रण गर्ने क्रममा अत्यधिक बल प्रयोग हुन सक्ने सम्भावना हुँदा पनि त्यसलाई रोक्ने स्पष्ट राजनीतिक निर्देशन नआएको वा समयमै हस्तक्षेप नभएको निष्कर्ष रिपोर्टले निकालेको छ। यही आधार देखाएर आयोगले तत्कालीन प्रधानमन्त्री, गृहमन्त्री र आइजिपीमाथि फौजदारी कसुरमा अनुसन्धान अघि बढाउन सिफारिस गरेको छ।

### सेनालाई...

र संघीय संसद् भवन परिसर बानेश्वर तथा प्रधानमन्त्री निवास बालुवाटारमा सुरक्षार्थ खटिएका सैन्य कमान्डरहरूले कर्तव्य पूरा गरेको देखिएन।' साथै, नेपाली सेनाले खटिएका अन्य सुरक्षाकर्मीलाई आवश्यक सहयोग गरी भिडको अनाधिकृत प्रवेशलाई रोक्नुपर्नेमा सो नगरेको निष्कर्ष आयोगको छ। प्रधानमन्त्री निवासभित्र रहेका भवनलगायत अन्य सामाग्रीसमेतमा आगजनी, तोडफोड तथा लुटपाट हुन दिएको घटनामा मौन बसी सुरक्षाको मूल जिम्मेवारी र कर्तव्य पूरा नगर्दा राज्यले ठूलो क्षति व्यहोर्नुपरेको भनिएको छ।

संसद् भवनमा भएको घटनामा पनि सेनाको भूमिकामाथि प्रश्न उठाइएको छ। 'भाद्र २३ र २४ गते शान्ति सुरक्षाको अवस्था प्रहरी नियन्त्रणभन्दा बाहिर गएको अवस्थामा स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम जिल्ला सुरक्षा समितिको निर्णयअनुसार प्रमुख जिल्ला अधिकारीहरूले नेपाली सेनाको सहयोग माग्दासमेत सहयोग नपाएको गुनासो काठमाडौंलगायत बाहिर जिल्लाका प्रजिअ र प्रहरी सुरक्षा अधिकारीहरूले निरीक्षण एवं अनुगमनको क्रममा आयोगका पदाधिकारीहरूलाई खुलेर भनेका छन्,' प्रतिवेदनमा छ, 'माग भएको अवस्थामा नेपाली सेना हतियारसहित प्रदर्शनकारीको अगाडि आई परिचालित भएको भए, सेनाको उपस्थितिले धेरै हदसम्म प्रदर्शनकारीहरूमा डर पैदा भई थप क्षति रोक्नसक्ने अवस्था हुन्थ्यो।'

### चेन...

पनि विश्लेषण गरेको छ। आन्दोलनलाई नियन्त्रण गर्ने अन्य विकल्पहरू प्रयोग गरेर स्थिति व्यवस्थापन गर्न सकिन्थ्यो कि भन्ने प्रश्न रिपोर्टमा उठाइएको छ। विकल्पहरू प्रयोग नगरी गोली चलाइएको भनेर आयोगले चेन अफ कमान्डमा रहेका सुरक्षा अधिकारीहरू र राजनीतिक नेतृत्वले अत्यधिक बल प्रयोग गरेको रूपमा हेर्नुपर्ने औंल्याएको छ।

आगामी दिनमा यस्तो नहोस् भनेर आयोगले घातक बल प्रयोगको स्पष्ट कार्यविधि बनाउनुपर्ने, आदेश प्रणाली स्पष्ट हुनुपर्ने र गोली चलाउने निर्णयको जिम्मेवारी छुट्टै पहिचान गरेर कानुनी प्रक्रिया अघि बढाउनुपर्ने सुझाव दिएको छ।

यस्तो सुझाव दिनुअघि आयोगले जेनजी आन्दोलनका क्रममा गोली किन र कसरी चलाइयो भन्ने विषयलाई घटनाको केन्द्रविन्दु मानेर आयोगले अनुसन्धान गरेको छ। रिपोर्टमा प्रदर्शन नियन्त्रणका लागि प्रयोग गरिने सामान्य उपायहरू (लाठीचार्ज, अश्रुग्यास, चेतावनी, गैरघातक बल प्रयोग आदि) प्रयोग भएको क्रम, त्यसपछि अचानक गोली चलाउने अवस्थासम्म किन पुगियो भन्ने विषयलाई विस्तारमा विश्लेषण गरिएको उल्लेख छ।

आयोगले प्रहरी नेतृत्व, स्थानीय प्रशासन र गृह मन्त्रालयका अधिकारीहरूको बयानलाई आधार बनाएर घटनाको समयरेखा तयार पारेको छ। प्रतिवेदनमा आन्दोलन सुरु हुँदा अवस्था कस्तो थियो, कहिले तनाव बढ्यो, कुन समयमा बल प्रयोग सुरु भयो, र कुन अवस्थामा गोली चलाइयो भन्ने कुरा क्रमशः प्रस्तुत गरिएको छ। यसबाट आयोगले गोली चलाउनु आकस्मिक निर्णय थियो कि योजनाबद्ध थियो भन्ने प्रश्नको उत्तर खोज्ने प्रयास गरेको छ।

### खाडी...

निर्भरता हो। जबकि रेमिट्यान्सको योगदान भारतमा ३ र चीनमा १ प्रतिशत मात्र छ। नेपालमा वार्षिक करिब १५ खर्ब रुपैयाँबराबरको रेमिट्यान्स आउने गर्दछ। जुन नेपालको कुल बजेटको हाराहारीको तथ्यांक हो। नेपालमा रहेका ३५ प्रतिशतभन्दा बढी घरपरिवार रेमिट्यान्सकै आम्दानीमा निर्भर छन्।

**मध्यपूर्वमै केन्द्रित श्रम बजार**

वैदेशिक रोजगार विभागका अनुसार वैदेशिक रोजगारीमा गएका नेपाली कामदारमध्ये करिब ८० प्रतिशत नेपाली मध्यपूर्वकै देशमा कार्यरत छन्। संयुक्त अरब इमिरेट्स (युएई), साउदी अरब, कतार र कुवेत नेपाली श्रमिकका प्रमुख गन्तव्य हुन्। निर्माण, सेवा र ऊर्जा क्षेत्रसँग जोडिएका यी कामहरू अहिले क्षेत्रीय अस्थिरताका कारण प्रभावित हुने जोखिममा छन्। युद्ध र ऊर्जा संकटले ती देशमा आर्थिक गतिविधि सुस्त बनाउने, निर्माण परियोजनाहरू रोक्ने तथा विदेशी कामदार कटौती गर्ने सम्भावना बढाएको छ। साथै युद्ध तीव्र रूपमा बढे नेपाली कामदारहरू सुरक्षाकै कारण बाध्य भएर फर्कनुपर्ने अवस्था आउन सक्छ। जसले गर्दा नेपाली कामदारको आम्दानी घट्ने तथा रोजगारी गुमाउँदा स्वदेश फर्किन बाध्य हुने जोखिम देखिएको छ।

**४५ प्रतिशतसम्म रेमिट्यान्स जोखिममा**

रेमिट्यान्सविद् गणेश गुरुङका अनुसार वर्तमान संकट लम्बिए नेपालमा आउने कुल रेमिट्यान्सको करिब ४५ देखि ५० प्रतिशतसम्म प्रभावित हुन सक्छ। यसले प्रत्यक्ष रूपमा विदेशी मुद्रा सञ्चिति घटाउनेछ, जसले समग्र अर्थतन्त्रमा दबाब सिर्जना गर्नेछ। 'जसरी पर्यटन आगमनमा एक्कासि कमी आउँदा श्रीलंका केही वर्षअघि टाट पल्टिएको थियो, नेपालमा रेमिट्यान्सको अवस्था पनि त्यही हो। अझ नेपाल त पूरै रेमिट्यान्समा अडिएको छ भन्दा पनि फरक पर्दैन,' उनले भने, 'मध्यपूर्वमा युद्ध चर्कियो र नेपालीहरू फर्कनुपर्‍यो भने नेपालले युद्धग्रस्त देशभन्दा बढी ठूलो संकट व्यहोर्नुपर्ने अवस्था आउन सक्छ। तसर्थ त्यस्तो अवस्थामा के गर्ने भनेर अहिले नै योजना बनाउनुपर्छ।'

नेपालको अर्थतन्त्र आयातमा आधारित भएकाले विदेशी मुद्राको कमीले पेट्रोलियम पदार्थ, औषधि, खाद्यान्न तथा अन्य अत्यावश्यक वस्तुहरूको आयातमा समस्या ल्याउन सक्छ। यसले बजारमा मूल्यवृद्धि (महँगी) तीव्र बनाउनेछ।रेमिट्यान्सको पैसाले नै गाउँ-गाउँका चुल्हा बलेका छन्, छोराछोरीले निजी स्कुलमा पढ्न पाएका छन्। यो पैसा रोकिनेबित्तिकै उपभोग घट्छ। मान्छेले सामान किन्न छाडेपछि व्यापार ठप्प हुन्छ। रहेक क्षेत्रमा असर पर्ने हुँदा यसले वित्तीय प्रणाली नै ध्वस्त बनाउन सक्छ।

**बैंकिङ प्रणालीमा दबाब**

नेपालका बैंक तथा वित्तीय संस्थाहरूमा रेमिट्यान्सबाट आउने निक्षेपको ठूलो हिस्सा हुन्छ। रेमिट्यान्स घटेपछि निक्षेप घट्ने, कर्जा प्रवाह कम हुने, ब्याजदर बढ्नुका साथै घरजग्गा, निर्माण र सेयर बजारमा थप प्रत्यक्ष असर पार्नेछ।

**अर्थतन्त्र 'रेमिट्यान्स झट्का'तर्फ**

अर्थविद्हरूका अनुसार, यदि संकट लम्बियो भने नेपाल 'रेमिट्यान्स झट्का'मा जान सक्छ। रेमिट्यान्सविद् गुरुङ भन्छन्, 'यस्तो अवस्थामा विदेशी मुद्रा संकट, उच्च महँगी, बेरोजगारी, आर्थिक मन्दीजस्ता समस्या एकैपटक देखिन सक्छन्।'

**रेमिट्यान्स नेपालको विदेशी मुद्रा** भित्र्याउने प्रमुख स्रोत हो। यो घटेपछि डलर सञ्चिति घट्ने, आयात घटाउनुपर्ने अवस्था आउने, नेपाली रुपैयाँको अवमूल्यन हुने हुँदा यसको प्रत्यक्ष असर उपभोक्तामा पर्नेछ। पेट्रोलियम पदार्थदेखि दैनिक उपभोग्य वस्तुहरू महँगा हुनेछन्, जसले जनजीवनमा थप आर्थिक दबाब सिर्जना गर्नेछ।

**घरपरिवारदेखि बजारसम्म असर**

रेमिट्यान्सले नेपालमा उपभोगमुखी अर्थतन्त्रलाई चलाएको छ। घर निर्माण, शिक्षा, स्वास्थ्य, साना व्यवसाय र दैनिक खर्च सबै क्षेत्रमा यसको प्रभाव छ। तर रेमिट्यान्स घटेपछि घरपरिवारको खर्च घट्ने, बजारमा माग कम हुने, व्यापार तथा सेवा क्षेत्र सुस्त हुनेजस्ता कार्यले समग्र आर्थिक गतिविधि घटाउनेछ र आर्थिक वृद्धिमा नकारात्मक प्रभाव पार्नेछ।

**कामदार फर्किए बेरोजगारीको सुनामी**

नेपालमा अहिले पनि बेरोजगारी एउटा ठूलो समस्या हो। मध्यपूर्वमा रहेका दक्ष र अर्ध-दक्ष युवाहरू एकैपटक सडकमा आउँदा उनीहरूलाई रोजगारी दिने कुनै योजना सरकारसँग छैन। यदि यी युवाहरूको ऊर्जालाई सही ठाउँमा लगाउन सकिएन भने, यसले सामाजिक विद्रोह र ठूलो राजनीतिक अस्थिरता निम्त्याउन सक्छ। साथै यसले सामाजिक असन्तुष्टि बढाउने, अपराध र अस्थिरता बढाउनेजस्ता जोखिम पनि निम्त्याउन सक्ने विश्लेषकहरू बताउँछन्।

संकटभित्रको अवसर : बाँझो खेत र नयाँ नेपाल

विदेशबाट नेपाली फर्कंदा रेमिट्यान्स घटेमा यसको सकारात्मक पाटो पनि छ। मरुभूमिलाई हरियो बनाउन सक्ने लाखौं जोसिला हातहरू आफ्नै माटोमा फर्किनु एउटा ऐतिहासिक अवसर पनि हो। उनीहरूसँग खाडीको सीप, अनुभव र केही न केही पुँजी हुन्छ। यदि सरकारले 'युद्धस्तर'मा कृषि, जलविद्युत् र साना उद्योगमा उनीहरूलाई जोड्न सक्यो भने नेपाल 'परनिर्भरता'बाट आत्मनिर्भर बन्ने बाटो खुल्ने विश्लेषक बताउँछन्। बाँझो रहेका पहाडी पाखाहरू फेरि हराभरा हुन सक्छन्। सन् २०२०मा कोभिड-१९ महामारीका बेला रेमिट्यान्स करिब १२ प्रतिशत घट्दा पनि नेपाली अर्थतन्त्रमा ठूलो दबाब परेको थियो। अहिलेको युद्धजन्य अवस्था र ऊर्जा संकट अझ गम्भीर हुन सक्ने भएकाले त्यसको प्रभाव पनि झनै गहिरो हुन सक्ने देखिन्छ। कोभिडमा थलिएको अर्थतन्त्र अझै पनि लयमा आउन सकेको छैन। सुस्ताएको व्यवसाय नतंग्रिँदै अर्को संकट आए यसको असर निकै बढी हुने अर्थविश्लेषकको भनाइ छ।

विशेषज्ञहरूका अनुसार दीर्घकालीन रूपमा नेपालले वैदेशिक रोजगारीका गन्तव्य विविधीकरण गर्ने, उत्पादनशील क्षेत्रमा लगानी गर्ने, देशभित्र उद्योग र रोजगारी सिर्जना गर्ने तथा निर्यात प्रवर्द्धन गर्नेजस्ता उपायहरू अवलम्बन गर्नुपर्नेछ।

### सामूहिक...

आपन्तको घरबाट निस्कन्छन्। त्यहाँबाट उनी अटोरिक्सा चढेर रेडियो नेपाल प्रादेशिक कार्यालयअगाडि ओर्लिएर उत्तरतर्फ लाग्छन्। अघिल्लो रातमै विक र गौलीले बनाएको योजनाअनुसार वीरेन्द्रनगर-१ गैरीगाउँ पुग्छन्। दुवैजना देउतीथान निस्कने सडक भएर प्रदेश आयुर्वेद अस्पतालअगाडिको बाटो हुँदै उत्तरको जंगलतर्फ जान्छन्। बिहान ६:२६ बजेको सिसिटिभी फुटेजमा दुवैजना अस्पतालअगाडिको बाटो हुँदै जंगलतर्फ हिँडिरहेको देखिन्छ। केही मिनेटपछि उनीहरू गाउँ पार गर्दै जनजागरण सामुदायिक वनभित्र प्रवेश गर्छन्। बिहान ६:३० बजे स्थानीय एक महिलाले जंगलतर्फ जाँदै गरेको देखेकी थिइन्।

जंगलमा उनीहरूले करिब दुई घण्टा समय बिताउँछन्। त्यसबीचमा उनीहरूबीच शारीरिक सम्पर्कसमेत भइसकेको हुन्छ। शारीरिक सम्पर्कपछि अत्यधिक रक्तस्राव सुरु हुन्छ। केही बेरमै इनिशा बेहोस हुन्छिन्। गौलीले विकलाई बचाउनका लागि कृत्रिम सास दिन्छन्, उनलाई झकझक्याउँछन्। जुत्ता र मोजा खोलेर पैतालामा मालिस गर्छन्। तर विकले कुनै प्रतिक्रिया दिँन्नन्।

त्यसपछि गौलीले अत्तालिएर बिहान ८:२५ बजे साथी दीपेश ढकाललाई फोन गर्छन्। ढकालले सवारीसाधन नभएका कारण ढिलो हुने जानकारी गराउँछन्। गौलीले अन्य दुईजना साथीलाई पनि पटक-पटक फोन गर्छन्। तर, तीनैजना समयमै पुगेनन्।

बिहान ९:०७ बजे दीपेश बल्ल घटनास्थलनजिक पुगे। ९:११ बजे अन्य दुई साथी पनि त्यहाँ पुगे। त्यतिबेला, उनीहरूले इनिशालाई बेहोस अवस्थामा र अनमोललाई अर्धअचेत अवस्थामा देख्छन्।

साथीहरूमध्ये एकजना गाउँतर्फ झरेर स्थानीयलाई अस्पताल लैजान सहयोग माग्छन्। त्यसपछि स्थानीयहरू घटनास्थल पुगेर प्रहरीलाई खबर गर्छन्। प्रहरी घटनास्थल पुग्दा अनमोल घटनास्थलमै थिए भने इनिशा बेहोस अवस्थामै थिइन्।

प्रहरीले अर्धअचेत देखिएका गौलीलाई तत्कालै प्रदेश अस्पताल कालागाउँ पुर्‍यायो। तर इनिशाको सास नचलेको भेटिएपछि बाँकी अनुसन्धान थाल्यो। घटनालगत्तै जिल्ला प्रहरी कार्यालय सुर्खेतका डिएसपी मोहनजंग बुढथापासमेत घटनास्थल पुगेका थिए।

यता, ८ बजे फर्किन्छु भनेर गएकी छोरी ९ बजेसम्म पनि नफर्केपछि इनिशाकी आमाको मन अत्तालिन्छ। केहीबेरमा आमालाई छोरी बेहोस भएर लडेको खबर पुग्छ। जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रमुख सुधीरराज शाहीका अनुसार मुख्य अभियुक्त गौलीविरुद्ध जबरजस्ती करणी र कर्तव्य ज्यान मुद्दा दायर गरी जन्मकैदको माग गरिएको छ।

मुख्य अभियुक्तबाहेक तीनजनाले घटनास्थलमा उपस्थित भएर पनि पीडितलाई बचाउने प्रयास नगरेका कारण उनीहरूविरुद्ध पनि कर्तव्य ज्यानसम्बन्धी मुद्दा चलाइएको उनले जानकारी दिए।

### एन्फा...

राखेपले एन्फालाई यसअघि पनि साधारणसभा र निर्वाचनसम्बन्धी प्रक्रिया अघि बढाउँदा परिषद्को स्वीकृति लिन, प्रतिनिधि उपलब्ध गराउन तथा कानुनअनुसार कार्य गर्न पटक-पटक पत्राचार गरेको थियो। तर ती निर्देशनको पालना नभएको निष्कर्ष राखेपले निकालेको छ। राखेपका अनुसार एन्फाले राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ र नियमावली, २०७९ तथा आफ्नै स्वीकृत विधानलाई मनोगत ढंगबाट व्याख्या गर्दै प्रक्रिया अघि बढाएको देखिएको छ। साथै, अन्तर्राष्ट्रिय संस्थाको निर्देशनलाई प्राथमिकता दिँदै राष्ट्रिय कानुनको प्रधानतालाई बेवास्ता गर्ने प्रवृत्ति देखिएको आरोपसमेत परिषद्ले लगाएको छ।

यसअघि राखेपले २४ घण्टाभित्र स्पष्टीकरण पेस गर्न अल्टिमेटम दिएको थियो। एन्फाले लिखित जवाफ पठाए पनि त्यो 'चित्तबुझ्दो नरहेको' ठहर गर्दै अन्ततः निलम्बनको निर्णय गरिएको राखेपले जनाएको छ।

राखेपले एन्फालाई निलम्बन अवधिभित्र आफ्ना विधान र संरचनामा आवश्यक संशोधन गर्न स्पष्ट निर्देशन दिएको छ। राखेपले एन्फाको विधानलाई राष्ट्रिय खेलकुद विकास ऐन, २०७७ तथा सम्बन्धित नियमावली, २०७९ अनुरूप परिमार्जन गर्नुपर्ने उल्लेख गरेको छ। साथै, संघको निर्वाचन प्रक्रिया पूर्ण रूपमा कानुनी ढंगले सञ्चालन गर्नुपर्ने र परिषद्को स्वीकृति लिएर मात्र अगाडि बढ्नुपर्ने सर्त पनि राखिएको छ। राखेपले संघको गतिविधिलाई कानुनी दायराभित्र ल्याउन यी निर्देशनहरू अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने स्पष्ट पारेको छ।

**'अर्ली इलेक्सन'बाट चर्किएको टकराव**

एन्फाभित्रको विवादको जरो भने कार्यकाल सकिनुअघि नै 'अर्ली इलेक्सन' गर्न खोजिएको विषयबाट सुरु भएको हो। वर्तमान अध्यक्ष पंकजविक्रम नेम्वाङ नेतृत्वले विधानमै स्पष्ट व्यवस्था नभएको अवस्थामा निर्वाचन प्रक्रिया अघि बढाएपछि विवाद चर्किएको थियो।

एन्फाले चैत १३ गतेका लागि साधारणसभा तथा निर्वाचन तय गरेको थियो। तर राखेपले स्वीकृतिबिना कुनै पनि निर्वाचन वैध नहुने स्पष्ट पार्दै प्रक्रिया रोक्न निर्देशन दिएको थियो। ती निर्देशन बेवास्ता गर्दै एन्फा अघि बढेपछि राखेपले कडा कारबाही गरेको हो।

एन्फाको निर्वाचन प्रक्रिया सुरुदेखि नै विवादित रहँदै आएको छ। पुस १६ गते पहिलोपटक माघ २८का लागि मिति तोकिए पनि उच्च अदालत पाटनको अन्तरिम आदेशपछि प्रक्रिया रोकिएको थियो। पछि आदेशले निरन्तरता नपाएपछि फागुन २७ का लागि नयाँ मिति तय गरियो।

तर त्यसबीच निर्वाचन आयोगले आचारसंहिता लागू भएको भन्दै निर्वाचन रोक्न पत्राचार गर्‍यो। त्यसलाई बेवास्ता गर्दै अघि बढ्न खोज्दा सुरक्षा निकायको हस्तक्षेपपछि दोस्रोपटक पनि निर्वाचन स्थगित भयो।

अन्ततः एन्फाले तेस्रोपटक चैत १३ गते निर्वाचन गर्ने घोषणा गर्‍यो र अन्तिम मतदाता नामावलीसमेत सार्वजनिक गरिसकेको थियो। तर राखेपको हस्तक्षेपपछि स्थिति झनै जटिल बनेको थियो।

**नेतृत्वमाथि प्रश्न**

एन्फा नेतृत्वमाथि क्लब, खेलाडी र सरोकारवालाबाट पनि दबाब बढ्दै गएको छ। शीर्ष श्रेणीको सहिद स्मारक 'ए' डिभिजन लिग नियमित रूपमा सञ्चालन हुन नसक्नु नेतृत्वको कमजोरीका रूपमा उठाइएको छ।

२०७९मा सुरु भएर २०८० जेठमा सकिएको लिग त्यसयता आयोजना हुन सकेको छैन। खेलाडी संगठनले समेत आन्दोलनका कार्यक्रम घोषणा गर्दै एन्फामाथि दबाब सिर्जना गरेको थियो। पछि सहमति हुँदै चैत ३० गते लिग सुरु गर्ने प्रारम्भिक समझदारी बनेको थियो, तर वर्तमान विवादले त्यसलाई पनि अनिश्चित बनाएको छ। वर्तमान अवस्था नेपाली फुटबलका लागि गम्भीर चेतावनीका रूपमा देखिएको छ। प्रशासनिक किचलोले खेलाडीको करिअर, क्लबहरूको लगानी र समर्थकहरूको उत्साहमा प्रत्यक्ष असर पारिरहेको छ। यदि समयमै सहमति र समाधान निस्कन सकेन भने नेपाली फुटबल अझ गहिरो संकटमा धकेलिने खतरा बढेको खेल विश्लेषकहरू बताउँछन्।

### युद्धले...

कहाँरले युद्ध सुरु भएपछि रोजगारी गुमाएका छन्। उनलाई घर जान कम्पनीले टिकट दिने, तर काममा राख्न नसकिने बताएको छ। होटल नचलेपछि सम्बन्धित ट्याक्सी सेवाहरू पनि प्रभावित भएका छन्। त्यसले ड्राइभर पेसा सिथिल बनाएको छ।

निर्माण क्षेत्रमा काम गर्ने बाराका राहुल रञ्जनले भने, 'अहिलेका लागि जागिर सुरक्षित छ। तर यो युद्ध जारी रह्यो भने केही भन्न सकिँदैन। कम्तीमा अर्को महिनासम्ममा युद्ध समाप्त भयो भने पुनर्निर्माण प्रक्रियाले गति लिने छ। त्यसले कामदारको माग अनपेक्षित रूपमा बढाउन पनि सक्छ।'

रमजानअघि धेरै संख्यामा आप्रवासीहरू घर बिदामा गएका छन्। पर्याप्त उडानको अभावमा उनीहरू फर्किन सकेका छैनन्। आप्रवासन अनुसन्धानकर्ताहरूले सञ्चारमाध्यममा बढाइचढाइ भएपनि खाडी मुलुकको आन्तरिक अवस्था र दैनिक गतिविधि त्यति खराब नभएको बताएका छन्।

युएईमा गत साता एक प्रमुख रियल इस्टेट कम्पनीले ७०० भिल्लाको परियोजना सुरु गरेको थियो। मानिसहरूले युद्धले घरको मूल्य घट्ने सोचेका थिए, तर कम्पनीले पुरानो दरमा नै हाल भिल्लाहरू बेच्न थालेको छ। त्यसले मानिसहरूमा युद्धका बीचमा पनि केही नयाँ गर्न चाहेको आंकलन गरिएको छ।

### १८ अप्रिलसम्म...

निर्धारित समयसीमाभित्र साउदी अरब छोड्ने व्यक्तिलाई कुनै किसिमको जरिवाना वा अतिरिक्त शुल्क नलाग्ने व्यवस्था गरिएको पनि सूचनामा उल्लेख छ।

यही सन्दर्भमा महावाणिज्यदूतावासले म्याद सकिएको एक्जिट भिसाका बाबजुद विभिन्न कारणले साउदीमै बसिरहेका नेपाली नागरिकलाई तोकिएको समयसीमाभित्र अनिवार्य रूपमा स्वदेश फर्कन आग्रह गरेको हो। मध्यपूर्व क्षेत्रमा देखिएको तनावका कारण केही समय उडान तालिका प्रभावित हुँदा नेपालीहरू फर्कन समस्या भएको जनाउँदै दूतावासले सकेसम्म छिटो हवाई टिकटको व्यवस्था गरी निर्धारित मितिभित्र साउदी छोड्न र उक्त जानकारी अन्य नेपालीसमक्ष पनि पुर्‍याउन अनुरोध गरेको छ।

**बढूवा समितिको सचिवालय**

## जिल्ला प्रशासन कार्यालय, डोल्पाको सूचना

**प्रकाशित मितिः २०८२ चैत्र १२ गते**

श्री लोक सेवा आयोग, सुर्खेत कार्यालयको, सुर्खेतको बढुवा सूचना नं. ३१५/०८२/-०८३ नेपाल बन सेवा, नेशनल पार्क ऐण्ड वाईल्ड लाईफ समूह रा.प.अनं. प्रथम (प्रा) श्रेणीको रिक्त रेञ्जर पद १ ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा बढुवा गर्नको लागि मिति २०८२/१२/११ मा बसेको बढुवा समितिको बैठकले देहायका उम्मेदवारलाई सिफारिस गर्ने निर्णय गरेकोले निजामती सेवा ऐन, २०४९ (संशोधन सहित) को दफा २४(च) को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सूचना नं. ३१५/०८२-०८३ ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कन**

| यो.क्र.नं. | क.सं. नं. | कर्मचारीको नाम थर | सिफारिस गरिएको पद तथा कार्यालय |
|---|---|---|---|
| १ | २२३२४८ | श्री गोविन्द प्रसाद उपाध्याय | रेञ्जर, शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज, सुलिगाड, डोल्पा |

## कटहरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**कटहरी, मोरङ**
**कोशी प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आसयको सूचना**

**(प्रकाशित मिति २०८२/१२/१२)**

यस गाँउपालिकाबाट तपशिल बमोजिमको योजना खरिद ठेक्का प्रकृयाबाट संचालनको लागि E-Bidding मार्फत बोलपत्र माग गरिए अनुसार पेश हुन आएका तपशिल बमोजिमको बोलपत्रदाताले पेश गरेका बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारिस भएकोमा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबै बोलपत्रपत्र दाताहरूको जानकारीको लागि आसयको सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र.सं. | ठेक्का नम्बर | योजनाको नाम | छनौट भएको बोलपत्र | कबोल अंक रु. (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | ठेक्कानं.KRM/ NCB/W/13/ 082/083 | विद्यालय भवन निर्माण कार्य, कटहरी-६ | श्री खड्ग एण्ड सन्स कन्ट्रक्सन, विराटनगर-१२, मोरङ | ६४,३६,८३०।०६ |

**प्रमुख प्रशासकीय धिकृत**

# जेष्ठ सदस्य केसीले लिए शपथ, २७४ जनाको आज



**काठमाडौं/मस–** राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभाका नवनिर्वाचित ज्येष्ठ सदस्य अर्जुनरसिंह केसीलाई पद तथा गोपनीयताको शपथ गराएका छन् । राष्ट्रपति कार्यालयमा बुधबार आयोजित विशेष समारोहमा राष्ट्रपति पौडेलले उनलाई पद तथा गोपनीयताको शपथ गराएका हुन् । समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधान न्यायाधीश प्रकाशमान सिंहराउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल उपस्थित थिए ।

यसैगरी समारोहमा मन्त्री, नव निर्वाचित सांसद, संवैधानिक निकायका प्रमुख, नेपाल सरकारका विशिष्ट श्रेणीका अधिकृत, सुरक्षा निकायका प्रमुखलगायत उपस्थित थिए । गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनपछि संसद् बैठक आह्वान गर्ने तयारी भइरहेको छ।

यसैको तयारीका लागि प्रतिनिधिसभाका ज्येष्ठ सदस्य केसीले शपथ लिएका हुन् । उनी ७८ वर्षका हुन् । संघीय संसद् सचिवालयका अनुसार बिहीबार ज्येष्ठ सदस्य केसीले प्रतिनिधिसभाका नवनिर्वाचित बाँकी २ सय ७४ जना सदस्यलाई शपथ गराउनेछन् । नयाँ सभामुखको निर्वाचन नभएसम्म ज्येष्ठ सदस्य केसीले संसद् बैठकको अध्यक्षता गर्नेछन् । केसीले बुधबारनै पदभार ग्रहण समेत गरेका छन् । पद तथा गोपनीयताको शपथ लिएलगत्तै सिंहदरबारस्थित कार्यकक्षमा पुगेर केसीले पदभार ग्रहण गरेका हुन् ।

पदभार ग्रहणपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै ज्येष्ठ सदस्य केसीले आफ्नो सीमित समयको सभामुखको भूमिकामा संसद्लाई निष्पक्ष र पारदर्शी रूपमा सञ्चालन गर्ने प्रतिबद्धता जनाए । उनले सभामुखको भूमिकाले देशको राजनीतिक संस्कृतिको प्रतिनिधित्व गर्ने उल्लेख गर्दै आफू संसद्का सम्पूर्ण सदस्यहरूको विशेषाधिकारको संरक्षकका रूपमा प्रस्तुत हुने बताए। उनले भने, 'मेरो सीमित समयभित्र निष्पक्ष र पारदर्शी रूपले सभामुखको भूमिका निर्वाह गर्छु । सभामुखले देशको राजनीतिक संस्कृतिको प्रतिनिधित्व गर्छ। संसदभित्र सबै सांसदहरुको विशेषाधिकारको संरक्षकको रूपमा पनि भूमिका निर्वाह गर्नुपर्छ ।'

## प्रधानमन्त्रीको शपथमा स्वस्तिवाचन



**काठमाडौं/मस–** रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले चैत १३ गते मध्याह्न प्रधानमन्त्रीको शपथ लिने भएका छन् । शुक्रबार मध्याह्न १२ बजेर ३४ मिनेटमा शपथ लिने तय भएको रास्वपाका महामन्त्री कवीन्द्र बुर्लाकोटीले बताएका छन्। त्यहीअनुसार, तयारीका लागि राष्ट्रपतिको कार्यालयलाई आग्रह गरिएको छ ।

शपथ ग्रहण समारोहमा सातवटा शंखबाट शंखनाद गरिने भएको छ । त्यस्तै, १०८ वटा बटुकबाट स्वस्ति शान्ति वाचन गरिने तय गरिएको छ । यससँगै शपथ ग्रहण समारोहमा बौद्ध भिक्षुलाई पनि निम्त्याइएको छ । समारोहमा १६ जना बौद्ध भिक्षुबाट अष्टमंगल पाठ गरिने तय गरिएको छ। प्रधानमन्त्रीको शपथ लिएपछि दिउँसो पद बहालीको कार्यक्रम तय गरिएको छ । शुक्रबार दिउँसो २ बजेर १५ मिनेटमा सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पद बहाली गर्ने तय गरिएको छ ।

# त्रिवि परिसरमा थप ५० मृत काग फेला

## बिहीबार टौदहवरपर अध्ययन गरिने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ चैत

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय परिसरमा बुधबार थप ५० कागहरू मृत भेटिएका छन् । मंगलबार ठुलो संख्यामा कागहरू मृत भेटिएका थिए । जाँचका क्रममा ती कागमा बर्डफ्लु संक्रमण पुष्टि भएको थियो ।

कीर्तिपुर नगरपालिका तथा पशुस्वास्थ्य विभागको संयुक्त टोलीले बुधबारसमेत त्रिवि परिसरमा मृत पक्षीको खोजी जारी राख्ने निर्णय गरेको थियो । नगरपालिकाकी पशुसेवा प्रमुख सुशीला गैरेले बुधबार त्रिवि परिसरको राज्याभिषेक उद्यानमा मृत पक्षी खोज्ने कार्य सपन्न भएको जानकारी दिइन् । यसबारे मध्यान्हसँग कुरा गर्दै उनले भनिन्, 'कीर्तिपुर नगरपालिकाकै ६नं वडामा पर्ने टौदह क्षेत्रमा पनि केही स्थानमा पक्षी मरेको भेटिएको भन्ने खबर छ, भोलि (बिहीबार) त्यता जान्छौं,' उनले भनिन् ।

त्रिविको सर्वाधिक खुला तथा ठुला बोटविरुवायुक्त स्थानका रूपमा रहेको वीरेन्द्र राज्याभिषेक उद्यानमा एक सातादेखि मरेका कागहरू फेलापरेका थिए । त्यो स्थानलाई विद्यार्थीहरूले छहारीमा बसेर पढ्ने तथा समतल ठाउँमा क्रिकेट खेल्न



प्रयोग गर्दै आएका थिए ।

प्रयोगशाला परीक्षणबाट बर्डफ्लू पुष्टि भएपछि नगरपालिका र पशुसेवा विभागको टोलीले मंगलबार मरेका कागहरू संकलन गरी खाडल खनेर पुरेको थियो ।

पशुसेवा विभागका वरिष्ठ पशुचिकित्सक मुकुल उपाध्यायका अनुसार डुलुवा पक्षीमा पर्ने कागमा फिरन्ते चराहरूबाट बर्डफ्लु संक्रमण भएको हुन सक्छ । केही वर्षअघि राजधानीस्थित बेलायती राजदूतावास परिसरमा पनि यसैगरी कागमा बर्डफ्लु संक्रमण देखिएको थियो ।

समस्या फैलिन नदिन पशु सेवा विभागले कुखुरा, बट्टाई वा कालिजपालक किसानलाई जंगली चराचुरुंगी, कुकुर वा बिराला जान नसक्ने गरी खोरको व्यवस्थापन गर्न तथा खुला ढंगले चराचुरुंगी नपाल्न अपिल गरेको छ ।


**राहदानी हराएको सूचना**

मिति २०८२।११।१७ गते काठमाडौंको बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम: KULANAND MANDAL
पूरानो राहदानी नं.: 09171842
ठेगाना: BHAGNI MALETH, SAPTAKOSHI 11, SAPTARI
सम्पर्क: 9805251010



**भावपूर्ण श्रद्धाञ्जली**

जन्म मिति
२००८ जेठ १ गते



स्वर्गारोहण मिति
२०८२ चैत ६ गते

**स्व. टेक बहादुर खत्री**

यस डेष्टिनी एच.आर.ग्रुप प्रा.लि. का अध्यक्ष आदरणीय ठाकुर खत्री (भट्टराई) ज्यूका पुजनिय पिता **टेक बहादुर खत्रीज्यू**को यहि मिति २०८२ साल चैत ६ गतेका दिन ७४ वर्षको उमेरमा भएको असामयिक र अकल्पनीय निधनले हामी सबैलाई स्तब्ध एवं भावह्वील बनाएको छ। यस दु:खद घडीमा दिवंगत आत्माप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि गहिरो समवेदना प्रकट गर्दछौं ।

**डेष्टिनी एच.आर.ग्रुप प्रा.लि. परिवार**
सिनामंगल, काठमाडौं


# भन्सार छलीका खाद्यान्न र १५ वटा मोटरसाइकल नियन्त्रणमा

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, ११ चैत

जिल्ला प्रहरी कार्यालय रौतहटले अवैध रूपमा भन्सार छली चोरी पैठारी गरी ल्याइएका खाद्यान्न सामग्री र बिल-भरपाई नभएका १५ वटा मोटरसाइकल नियन्त्रणमा लिइ आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाएको छ। प्रहरीले चलाएको विशेष अप्रेसन र नियमित चेकिङका क्रममा झन्डै १२ लाख रुपैयाँ बराबरको अवैध सामान बरामद गरिएको हो ।

**बसपार्क क्षेत्रबाट खाद्यान्न बरामद**

विभिन्न समयमा अस्थायी प्रहरी पोष्ट बसपार्कबाट खटिएको टोलीले गौर नगरपालिका वडा नं.४ स्थित बसपार्क चोकमा सवारी साधनहरू चेकजाँच गर्ने क्रममा भारतबाट अवैध रूपमा भन्सार छली ल्याउँदै गरेको खाद्यान्न बरामद गरेको थियो। उक्त सामग्रीहरूको बजार मूल्य करिब ७ हजार २ सय ३० रुपैयाँ कायम गरिएको छ।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका विभिन्न प्रहरी इकाइहरूबाट खटिएको टोलीले जिल्लाका विभिन्न स्थानहरूमा शंकास्पद रूपमा गुडिरहेका र पार्किङ गरिएका १५ वटा मोटरसाइकलहरू नियन्त्रणमा लिएको छ ।प्रहरीका अनुसार नियन्त्रणमा लिइएका ती मोटरसाइकलहरूको कुनै पनि वैधानिक कागजपत्र फेला परेको छैन। उक्त मोटरसाइकलहरूको कुल मूल्यांकन ११ लाख ७० हजार रुपैयाँ गरिएको छ । प्रहरीले बरामद गरेको खाद्यान्न र मोटरसाइकल गरी जम्मा ११ लाख ७७ हजार २ सय ३० रुपैयाँ एघार लाख सतहत्तर हजार दुई सय तीस बराबरको अवैध धनमाललाई थप अनुसन्धान र कारबाहीका लागि गौर भन्सार कार्यालय रौतहटमा बुझाएको छ ।


**स्थानीय सरकार**

# ठूलीभेरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### जुफाल, डोल्पा
### कर्णाली प्रदेश, नेपाल
### २०७३

## प्रस्ताव पेश गर्नेसम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८२/१२/१२**

प्रस्तुत विषयमा यस नगरपालिकामा आ. व. २०८२/०८३ को वार्षिक योजना तथा कार्यक्रमअनुसार ठूलीभेरी नगरपालिकामा युवा स्वरोजगार कार्यक्रम अन्तर्गत तपशिलका तालिमहरु सञ्चालन गर्नुपर्ने भएकाले सम्बन्धित कार्यअनुभवी तथा पेशागत दक्षता भएका इच्छुक परामर्शदाताले कार्य क्षेत्रगत शर्त (TOR) तथा RFP ढाँचाको अधीनमा रही आर्थिक तथा प्राविधिक प्रस्ताव छुट्टाछुट्टै खामबन्दी गरी आवश्यक कागजातहरुसहित यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्नुहुन अनुरोध छ ।

**तपशिल**

| | |
|---|---|
| १. ड्राइभिङ तालिम | २. कम्प्युटर तालिम |
| ३. ग्यारेज तालिम | ४. पेन्टिङ तालिम |
| ५. वाइरिङ तालिम | ६. सिलाइ बुनाइ तालिम |
| ७. ब्युटिपार्लर तालिम | ८. स्पोर्ट तथा हार्डवेर तालिम |

**नोटः**

- कार्य क्षेत्रगत शर्त (TOR) तथा RFP को लागि ठूलीभेरी नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
- (TOR) तथा RFP इमेलमार्फत पनि उपलब्ध गराइने छ ।
- सहभागीहरुको सहजता तथा आवश्यकता अनुसार तालिमको लागी दुनै बजार वा सुर्खेत वा नेपालगन्जमा सञ्चालन गर्नुपर्नेछ ।
- सहभागीहरुको खाने, बस्ने तथा यातायातको व्यवस्था परामर्शदाता/संस्थाले गर्नुपर्नेछ ।
- प्रत्येक तालिमको लागि छुट्टाछुट्टै TOR तथा RFP हुनेछ र परामर्शदाताले जुन तालिमको लागि इच्छुक हो उक्त तालिमको लागि मात्र दस्तुर (राजस्व) तिरी TOR तथा RFP लिनुपर्नेछ ।
- प्रत्येक तालिमको (TOR) तथा RFP को रु.१,००० राजस्व तिर्नुपर्नेछ ।
- दस्तुर (राजस्व) ठूलीभेरी नगरपालिकाको कार्यालयमा वा तलको राजस्व खातामा जम्मा गर्न सकिने छ ।

  **Name of the Bank:** Citizens Bank International Ltd
  **Name of Office:** Thulibheri Municipality, Juphal, Dolpa
  **Office Account no**.: 0490100000001202
  **Rajaswa (revenue) Shirshak no** .: 14229
- प्रस्तावको छनोट गुणस्तर र लागत विधिअनुसार गरिने छ ।
- अन्य विस्तृत जानकारीको लागि ठूलीभेरी नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
- प्रस्ताव पेश गर्ने अन्तिम मिति २०८२/१२/२६ गते दिनको ५ बजेसम्म रहने छ । उक्त मितिभित्र पेश हुन आएका प्रस्तावहरु मिति २०८२/१२/२७ गते दिनको १२ बजे नगर कार्यपालिकाको कार्यालयमा खोलिने व्यहोरासमेत जानकारीका लागि अनुरोध छ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com
१२ चैत २०८२ बिहीबार
26 March 2026 Thursday

## सम्पादकीय

# संकटबाट जोगिने बाटो


पश्चिम एसियामा जारी युद्ध र लालसागर/होर्मुज मार्ग अवरोधबाट नेपालको अर्थतन्त्रमा गम्भीर असर देखिन थालेको छ । आयातमा निर्भर अर्थतन्त्र भएकाले बाह्य संकटको सिधा प्रभाव नेपालमा देखिनु स्वाभाविक पनि हो । इन्धन आपूर्ति अस्थिर हुनु, डलरको मूल्य अत्यधिक बढ्नु र कच्चापदार्थको अभावका कारण उद्योग, निर्माण र दैनिक उपभोगका क्षेत्र एकैसाथ प्रभावित हुन पुगेका छन् । दुई सातामै खानेतेलको मूल्य १० प्रतिशतभन्दा बढीले बढेको छ भने औषधि उत्पादनका कच्चापदार्थमा ३० देखि ७० प्रतिशतसम्म मूल्यवृद्धि भएको छ । सलाइन बोतल बनाउन प्रयोग हुने सामग्री ६०–७० प्रतिशत महँगिएको छ । सिमेन्टको मूल्य पनि छोटो अवधिमै ९० देखि १०० रूपैयाँसम्म बढेको छ । यसले हाम्रो आपूर्ति शृंखला नै खल्बलिएको संकेत गरेको छ । जसको असर भान्सादेखि अस्पतालसम्म परेको देखिन्छ । ढुवानी महँगिंदा तरकारीलगायत खाद्यान्नको मूल्य बढेको छ । औषधिको कच्चापदार्थ अभाव हुँदा भविष्यमा अत्यावश्यक औषधिको संकट आउन सक्ने जोखिम देखिएको छ । खानेपानी उद्योग कच्चापदार्थ नपाउँदा बन्द हुने अवस्थामा पुगेका छन् भने विकास निर्माणका आयोजनामा लागत बढेर काम सुस्त हुँदै गएको छ । यसले समग्र अर्थतन्त्रमा दबाब बढाएको छ ।

अर्थतन्त्रमा प्रभाव देखिइरहेका बेला मुलुक नयाँ सरकारको स्वागत गर्दै छ । शुक्रबार बन्ने सरकारको पहिलो काम नै अहिलेको संकट टार्नेमा हुनुपर्नेछ । त्यसका लागि इन्धन, औषधि र खाद्यान्नजस्ता अत्यावश्यक वस्तुको आपूर्ति सुनिश्चित गर्न वैकल्पिक स्रोत र मार्ग खोज्नुपर्छ । बजारमा भइरहेको मनपरी मूल्यवृद्धि र कालोबजारी नियन्त्रण गर्न कडा अनुगमन गर्नुपर्नेछ भने अत्यावश्यक वस्तुको पर्याप्त मौज्दात राख्ने व्यवस्था तत्काल लागू गर्नुपर्छ । निजी क्षेत्रलाई सहुलियत कर्जा, कर छुट र आयात प्रक्रियामा सहजता दिई उत्पादन र आपूर्ति निरन्तर राख्न सहयोग पुऱ्याउनुपर्छ । यससँगै, समस्याको दीर्घकालीन समाधानमा पनि ध्यान दिनु जरूरी छ । ऊर्जा, कृषि र उद्योग क्षेत्रमा आत्मनिर्भरता बढाउने नीति अब ढिला नगरी कार्यान्वयन गर्नुपर्छ । आयातमा अत्यधिक निर्भरता घटाउने रणनीतिबिना यस्ता संकट दोहोरिइरहनेछन् । अहिलेका लागि संकटको सामना गर्न समयमै तयारी र प्रभावकारी कार्यान्वयन आवश्यक देखिन्छ । त्यसका लागि सरकारले आवश्यक समन्वय, पारदर्शी र जिम्मेवार ढंगले नयाँ चुनौतीको सामना गर्नुपर्छ । अन्यथा, आर्थिक संकट गहिरिँदै जाने खतरा देखिन्छ ।

# जेनजी आन्दोलन र नेपालको दिशा

*यहाँको शासन, प्रशासन, अर्थव्यवस्थासहित सबै क्षेत्रमा बाह्य शक्तिहरूको योजना, निर्देशन र हस्तक्षेप देखिने गरी हुने गरेको छ । जसको प्रभावबाट मुक्त सक्नु नै ठुलो उपलब्धि हुनेछ ।*

अग्रलेख



● प्रा.डा. कृष्ण बेलबासे

नेपालमा जेनजी आन्दोलनको नाममा भएको दुईदिने अभियानले अप्रत्याशित परिणामहरू निम्त्यायो । प्रथम कुरा, लामो समयदेखि जनताको भावनामा असन्तुष्टि र आक्रोश निम्त्याउने सरकारसँगै प्रतिनिधिसभा विघटन हुन पुग्यो । दोस्रो, प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भई नयाँ सरकार गठनको अवस्था सिर्जना भएको छ । यो एउटा स्वाभाविक प्रक्रिया नभई परिवर्तनको लहरको रूपमा देखापरेको छ ।

यसबारेमा, एकातिर अब केही सकारात्मक परिणामहरू देखा पर्नेछन् भन्ने आशा जनतामाझ पलाएको पाइन्छ भने अर्कातिर, अब देश कुन दिशातर्फ उन्मुख हुने हो र जनताले कस्तो अवस्था व्यहोर्नुपर्ने हो भन्ने आशंका प्रकट भएको पाइन्छ । हुन त देशले पटक-पटक जनआन्दोलन र सशस्त्र संघर्षहरू व्यहोर्दै आएको छ । ती आन्दोलन र संघर्षहरूलाई वर्तमान संविधानको प्रस्तावनामा 'राष्ट्रहित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि' गरिएका प्रयासका रूपमा उल्लेख गरिएको छ । तर अपवादको अवस्थाबाहेक ती आन्दोलन र संघर्षका परिणामहरू मूलतः दुई कुराद्वारा प्रेरित रहेको देख्न पाइन्छ ।

प्रथम, आन्दोलन र संघर्षका अगुवाहरू देश र जनताको अवस्थामा सुधारभन्दा आफूहरू कसरी सत्तामा पुगेर अघिल्ला शासकहरूले जस्तै सत्तासुख भोग्ने र कमाउने भन्नेमा लक्षित रहेको पाइन्छ । दोस्रो, यहाँ हुने गरेका आन्दोलन र संघर्षहरू तिनका नेतृत्वकर्ताको नभई विदेशी शक्तिको योजना र चलखेलमा हुने गरेको देखिन्छ । यी कुराहरूको प्रमाण खोज्न धेरै मिहिनेत गर्नपर्दैन । आन्दोलन वा संघर्ष र तिनका प्रायोजकहरूको बलमा स्थापित व्यवस्थामा शासक बनेर रहेका कुपात्रहरूको व्यवहार र हैसियतलाई हेर्दा पर्याप्त हुन्छ ।

यसको अर्थ, आजसम्मका शासक वा राजनीतिक नेतृत्वकर्ता भनाउनेहरूले परिवर्तनका लागि आफूभन्दा अघिका शासकहरूले के-कस्ता गल्ती, कमजोरी र दुष्कर्म गरे, अघिल्लो व्यवस्थामा के-कस्ता कमजोरी थिए भन्ने विषयमा चर्चा त गरेका छन् । तर अघिल्लो व्यवस्था र त्यसका शासकलाई विस्थापन गरेर आफूहरूले देश र जनताको पक्षमा के-कस्ता नीति, योजना र कार्यक्रम अघि बढाउने भन्नेबारे जनतामाझ गरेका प्रचारहरू व्यवहारमा पुष्टि गर्न सकेका छैनन् । अघिल्लो व्यवस्थाका कमजोरीबारे उनीहरूले उठाएका केही कुरा सत्य देखिए पनि परिवर्तनपछि दिने भनिएको योगदानबारे उनीहरूको व्यवहारले पुष्टि गर्न सकेन । कारण, उनीहरू हिजोका शासकहरूभन्दा बढी भ्रष्ट, अनैतिक, जनविरोधी र राष्ट्रघाती देखिएका छन् । यसको परिणाम देश र जनताले मात्र होइन, उनीहरूले आफैंले पनि व्यहोर्नुपरेको छ ।

जहाँसम्म जेनजी आन्दोलनले निम्त्याएको परिवर्तनपश्चात् चुनाव हुँदै गठित सरकारले केही सकारात्मक उपलब्धि दिनेछ भन्ने आशाको कुरा छ, त्यसबारे यसै हुनेछ भनी भन्न सकिने ठोस आधार पाइँदैन । यसो किनभने, एक त तिनीहरूमध्ये कसैको पनि स्पष्ट राजनीतिक एवं व्यावहारिक पृष्ठभूमि देखिँदैन । तीमध्ये वरिष्ठको रूपमा चर्चामा आएका केही सीमित व्यक्तिहरू पनि सिद्धान्त, कार्यक्रम, छोटो समयको विगत व्यवहार र कार्यशैलीका हिसाबले जनता सामु खोक्रा आश्वासन बाँड्नेबाहेक खासै सोच र योजनासहितका भएजस्तो लाग्दैन । कारण, राष्ट्रिय सुरक्षा, सामाजिक सामञ्जस्यता र जनहितलाई मध्यनजर गरेर अहिलेसम्म कसैले पनि स्पष्ट विचार प्रकट गरेको पाइँदैन ।

यसबारेमा अझ विचारणीय कुरा के छ भने, जबसम्म कसैको व्यवहारबाट उक्त कुरा प्रमाणित हुँदैन, उसले आवेशमा आएर वा भ्रम सिर्जना गर्ने हेतुले कति आकर्षक शब्द बोल्यो भन्ने आधारमा त्यसको मूल्यांकन गर्न सकिँदैन । नेपाली जनताले देशमा शासन सञ्चालनका लागि




राजनीतिक दलहरूलाई पन्छाएर गैर-राजनीतिक (राजनीतिक दलको रूपमा दर्ता भए तापनि राजनीतिक भूमिका नभएका) पात्रहरूलाई प्राथमिकता दिने निर्णय गरेका छन् । यस पछाडि दलहरूको आदर्श र नैतिकताविहीन व्यवहार जिम्मेवार रहेको छ ।

देशका राजनीतिक दलहरूले सिद्धान्तको व्याख्या गर्दा जतिसुकै आदर्शका कुरा उल्लेख गरे तापनि तिनको आचरण/व्यवहार र आदर्शबीच भिन्नता पाइन्छ । यस किसिमको भिन्नता सबै दलहरूको व्यवहारमा पाइए तापनि सबैभन्दा बढी वामपन्थी/कम्युनिस्ट भनाउनेहरूको आदर्श र व्यवहारमा देखिन्छ । त्यसैले यतिबेला कम्युनिस्ट भनाउनेहरू तेस्रो (निम्न) श्रेणीमा देखिए तापनि प्रजातान्त्रिक भनाउने कांग्रेस पार्टीको हालत पनि सोही अवस्थामा छ । यसले अब विचारधाराको अन्त्य भएको संकेत गर्दछ । दलका नेता भनाउनेहरूले विचार (दर्शन), वाद र अवसरवादबीचको फरक छुट्याउन नसक्दा वा नचाहँदा यो अवस्था सिर्जना भएको हो । यस कुरालाई प्रमाणित गर्ने थप आधार के हो भने हिजो क्रान्तिको नाममा देशमा विध्वंस मच्चाउने कम्युनिस्ट एवं प्रजातन्त्रवादीहरूले आफूलाई उदारवादको नाममा विदेशी स्वार्थमा समर्पित गरेर देशलाई कमजोर बनाएको तथ्यले देखाउँछ । देशमा उदारवादको नाममा राजनीतिलाई व्यवसायीकरण गरियो । व्यवसायीहरूको उद्देश्य नाफा र स्वार्थकेन्द्रित हुने भएकाले राजनीति गर्नेहरूले राजनीतिलाई पारिवारिक बनाएका छन् ।

हिजो (२०४६ पूर्व) राजनीति सेवामूलक हुने भएकाले परिवारका सीमित सदस्यहरू मात्र राजनीतिमा संलग्न रहने र बाँकी सदस्यहरू पेसा, व्यवसाय तथा पारिवारिक दायित्व निर्वाहमा संलग्न हुने गर्थे । तर राजनीतिलाई व्यवसायीकरण गरिएपछि भ्रष्टाचार, लुट र दलाली राजनीतिका विशेषता बने । यसले गर्दा जनघात र राष्ट्रघात राजनीतिका उद्देश्य र परिणाम बन्न पुगे । त्यसैले अब जनकल्याण र राष्ट्रहित राजनीतिको क्षेत्रबाट बाहिरिन पुगेका छन् ।

यस किसिमको सोच र प्रवृत्तिमा सुधार नल्याई राजनीतिमा संलग्न हुनु भनेको आपराधिक र अनैतिक कार्यमा लाग्नु हो । यसको तीव्र असर यतिबेला नेपाली राजनीतिमा मात्र नभई न्याय, प्रशासन, शिक्षा, स्वास्थ्य, सञ्चार, सुरक्षालगायतका अनेकौं क्षेत्रमा समेत देख्न पाइन्छ । यही नै अहिलेको मूल राष्ट्रिय समस्या हो । रह्यो कुरा, अब देश कुन दिशातर्फ उन्मुख हुने हो र जनताले कस्तो अवस्था व्यहोर्नुपर्ने हो भन्ने, देशले चाहे प्रजातन्त्र होस्, साम्यवाद होस् वा उदारवादको नाममा लामो समय (कम्तीमा २००७ सालको राजनीतिक परिवर्तनदेखि) विदेशी हस्तक्षेप सहनुपरेको छ । सयौं वर्ष ब्रिटिसलगायत साम्राज्यवादी मुलुकहरूको उपनिवेश बनेका अमेरिका, भारत र ब्रिटेनले समेत नेपालमा अप्रत्यक्ष रूपमा नयाँ ढंगले औपनिवेशिक प्रभाव कायम राखेका छन् ।

यहाँको शासन, प्रशासन, अर्थव्यवस्था, न्याय, रक्षा, शिक्षा, स्वास्थ्य, सञ्चारलगायत सबै क्षेत्रमा बाह्य शक्तिहरूको योजना, निर्देशन र हस्तक्षेप देखिनेगरी हुने गरेको छ । यसले देशमा लामो समयदेखि नव-औपनिवेशिकता कायम रहेको देखाउँछ । परम्परागत औपनिवेशिक शासनमा प्रत्यक्ष सैनिक हस्तक्षेप हुने गर्दथ्यो भने नव-औपनिवेशिकतामा आर्थिक र राजनीतिक माध्यमबाट नियन्त्रण कायम गरिन्छ । नेपालले यस अवस्थालाई २०४६ सालपछि प्रत्यक्षरूपमा र २०६४ पछि अझ कडा रूपमा व्यहोर्नुपरेको छ । तर यिनै शक्तिद्वारा प्रभावित व्यक्तिहरूले यस अवस्थालाई 'प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली' भन्दै आफूहरूलाई यसको जनक बताउने गरेका छन् । यसरी देश नव-उपनिवेश बन्नतर्फ उन्मुख रहेको अवस्थामा देशको सार्वभौमिकता नै चुनौतीमा परेको छ । यस्तो अवस्थामा नेपालीसामु दुई विकल्प छन्- एक, आफ्नो व्यक्तिगत स्वार्थ त्यागेर राष्ट्रिय स्वार्थको पक्षमा उभिने; दोस्रो, आफ्नो स्वार्थलाई प्राथमिकता दिँदै विदेशी प्रभावको पक्षमा लाग्ने ।

सत्तामा जोसुकै पुगे पनि उसलाई राष्ट्रिय आवश्यकताप्रति सचेत गराउनु आवश्यक हुन्छ । यसमा जनप्रतिनिधि र जनताको समान जिम्मेवारी हुन्छ । जनप्रतिनिधिले सत्ताको अन्धसमर्थन गर्नुको सट्टा सचेतकको भूमिका निर्वाह गर्नुपर्छ भने जनताले पनि सजग भई गलत नेतृत्वलाई अस्वीकार गर्नुपर्छ । नव-औपनिवेशिक प्रभावबाट देशलाई मुक्त गराउनु सबै नेपालीको साझा दायित्व हो । यसका लागि सचेतता, जागरुकता, त्याग र आवश्यक परे बलिदानसम्मका लागि तयार रहनु नै साँचो नागरिक कर्तव्य हो ।

## इतिहासमा आज

२६ मार्च १९९१ मा सिंगापुर एयरलाइन्सको उडान ११७ लाई चार पाकिस्तानी आतंककारीहरूले अपहरण गरी चांगी विमानस्थलमा मोडे ।



२६ मार्च १९९८ मा अल्जेरियन गृहयुद्धको समयमा, ओउद बोआइचा नरसंहारमा बन्चरो र चक्कुले हानेर ५२ जना मानिसहरू मारिएका थिए, जसमा प्रायः शिशुहरू थिए ।



२६ मार्च २००५ मा चीनको पृथकता विरोधी कानुनको विरोधमा ताइपेईमा लगभग २००,००० देखि ३००,००० ताइवानीहरूले प्रदर्शन गरे ।



२६ मार्च २०१० मा दक्षिण कोरियाली नौसेना कार्भेट चेओनानलाई टार्पेडोले उडाइयो, जसमा ४६ नाविकहरू मारिए । अन्तर्राष्ट्रिय अनुसन्धान पछि, संयुक्त राष्ट्र सुरक्षा परिषद्का अध्यक्षले उत्तर कोरियालाई दोष दिए ।



## सामाजिक सञ्जाल



चन्द्र भण्डारी

बहुमतको सरकार बनिरहेको छ, जोस र जाँगर छ -जनताले पत्याइसकेका छन्। सरकारी नियुक्ति पाएकाहरूले पद छोडे भइहाल्यो नि। अब लामो सास नफेर ! "हटायो"भन्ने शब्द आउन किन दिने ? नयाँ नजिर बन्न सक्दछ ! " स्वाभिमान "दौरा सुरुवाल, कोट, पद, पैसा, निवास गाडीले सुरक्षा दिएको लोभले बढाएको "कर्तुत" होइन ।



विजयकुमार पाण्डेय

बिग्रेको बाम होस् या सुधारिएको कांग्रेस, दुवै क्याम्पमा अहिले सन्नाटा छ । गगन थापाप्रति जतिसुकै व्यक्तिगत सहानुभूति राखे पनि एउटा आधारभूत यथार्थ फेरिँदैन । निर्वाचनमा सुधारिएको कांग्रेस, त्यसको सम्पूर्ण कार्यसमिति र त्यसको प्रचार तन्त्रसमेत नराम्ररी पराजित भएको छ ।



राधाकृष्ण कटुवाल

भदौ २३/२४ घटनामा कार्की छानबिन आयोग र मानव अधिकार संगठनले कारबाहीका लागि सार्वजनिक गरेका ओली, लेखक, प्रधानसेनापति सिग्देल र पूर्व आइजी खापुङको नाम प्रचारप्रसार गरेर नाम कमाउने बाहेक केही देखिन्न ! कारबाही गर्ने भनेको एका देशको कथा मात्रै हो। "आशा गर्नु, भरोसा नपर्नु"



कृष्ण पोखरेल

कूटनीतिक सेवामा करियर डिप्लोम्याटको नियुक्ति केही अपवाद बाहेक संसार कै मान्य अभ्यास हो । त्यै कुरा न्याय सेवाको हकमा पनि लागू हुन्छ। तर हामीकहाँ त्यै अपवादलाई नै नियम बनाइयो जसको दुष्परिणाम हामी भोग्दैछौं ।

# सहकालका देवता : सेतो मच्छिन्द्रनाथ

संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

*ललितपुर र काठमाडौंमा गरी दुई मच्छिन्द्रनाथ रहेका छन् । काठमाडौंको मच्छेन्द्रबहालमा रहने सेतो मच्छिन्द्रनाथ हुन् भने पाटनका मच्छिन्द्रनाथलाई रातो मच्छिन्द्रनाथ भनिन्छ । वर्षमा दुईपटक गरिने यिनीहरूको जात्रा पौष शुक्ल अष्टमी र चैत्र शुक्ल अष्टमीदेखि आरम्भ हुन्छ ।*

मच्छिन्द्रनाथ सहकालका देवता हुन् । चैत्र शुक्ल अष्टमीदेखि काठमाडौंमा यिनको जात्रा सुरु हुन्छ । यस वर्ष चैत्र १२ गतेदेखि आरम्भ भई चैत्र पूर्णिमा अर्थात् १९ गते समापन हुन्छ । पाटनमा भने सहकालकै देवता रातो मच्छिन्द्रनाथ छन्, जुन भोटो जात्रासँग पनि सम्बद्ध छ ।

ललितपुर र काठमाडौंमा गरी दुई मच्छिन्द्रनाथ रहेका छन् । काठमाडौंको मच्छेन्द्रबहालमा रहने सेतो मच्छिन्द्रनाथ हुन् भने पाटनका मच्छिन्द्रनाथलाई रातो मच्छिन्द्रनाथ भनिन्छ । वर्षमा दुईपटक गरिने यी जात्रा पौष शुक्ल अष्टमी र चैत्र शुक्ल अष्टमीदेखि आरम्भ हुन्छ । हिन्दु अनुयायीहरूले यी देवतालाई भगवान् भोलेबाबाको रूप मानी पूजा गर्छन् भने बौद्धमार्गीहरूले यिनलाई आर्यावलोकितेश्वर, करुणामय करुणासागर अर्थात् सम्पूर्ण जीवात्माका रक्षकका रूपमा लिन्छन् ।

काठमाडौंको मुटु असन-इन्द्रचोकको बीचमा रहेको कलात्मक मन्दिरमा भगवान्को करिब तीन हात अग्लो मूर्ति रहेको छ । उक्त मन्दिर पित्तल धातुले बनेको दुईतले र निकै फराकिलो छ, जुन अन्य मन्दिरभन्दा विशिष्ट स्वरूपको छ । मन्दिरको पूर्वतिर कलात्मक डबली रहेको छ ।

